नेपाल सरकार

कालिका नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

चितवन

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७८/०५/२३**

यस कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम कृषि विकास कार्यक्रम अब्तगत तपसिल अनुसारका अनुदान कार्यक्रमहरु रहेको हुँदा इच्छुक कृषक /कृषि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीहरुबाट दरखास्त आब्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०७८/०६/२१ गते भित्र) तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ आवेदन फाराममा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी प्रत्येक कार्यक्रमका लागि छुट्टाछुट्टै आवेदन पेश गर्नुहुन यसै सूचना द्धारा सूचित गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका दरखास्तहरु छनौटका लागी समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ । साथै गत आ.ब. मा अनुदान पाएका कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमीहरुलाई अनुदानमा प्राथमिकता नदिइने ब्यहोरा जानकारी गराईन्छ ।

तपसिलः

| क्र सं | कार्यक्रमको नाम | एकाई | परिमाण | साझेदार संस्था | नगरपालिकाको अधिकतम साझेदारी रकम | कृषकले दरखास्त दिदा भर्नु पर्ने प्रस्ताव आवेदन नं |
|---|---|---|---|---|---|---|
| १ | थोपा सिंचाई वितरण(१००० लि क्षमता ट्याङकी २ देखि ३ कठ्ठा क्षेत्रफल) ५० प्रतिशत अनुदान | संख्या | ५ | व्यावसायिक कृषक/ कृषक समुह/ कृषि सहकारी / फर्म | कम्तिमा ५० प्रतिशत रकम वा बढीमा रु ३ लाख मात्र | आवेदन फाराम नं १ |
| २ | मल्चिङ प्लाष्टिक वितरण ५० प्रतिशत अनुदान | रोल | ९६ | व्यावसायिक तरकारी खेती गर्ने कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमी | कम्तिमा ५० प्रतिशत रकम वा बढीमा रु ४ लाख ६० हजार मात्र | आवेदन फाराम नं २ |
| ३ | मागमा आधारित कार्यक्रम (केरा) ५० प्रतिशत अनुदान | पटक | १ | व्यावसायिक केरा खेती गर्ने कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमी | कम्तिमा ५० प्रतिशत रकम वा बढीमा रु ५ लाख मात्र । | आवेदन फाराम नं ३ |
| ४ | मागमा आधारित कार्यक्रम (च्याउ) ५० प्रतिशत अनुदान | संख्या | १ | व्यावसायिक च्याउ खेती गर्ने कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमी | कम्तिमा ५० प्रतिशत रकम वा बढीमा रु ३ लाख मात्र । | आवेदन फाराम नं ४ |
| ५ | मौरीघार वितरण ५० प्रतिशत अनुदान-मौरीपालक कृषक | संख्या | ९७ | व्यावसायिक मौरीपालक कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमी | कम्तिमा ५० प्रतिशत रकम वा बढीमा रु ३ लाख ७० हजार मात्र । | आवेदन फाराम नं ५ |
| ६ | साना तथा मझौला सिंचाई आयोजना निर्माण तथा मर्मत संभार कार्यक्रम- अनुदान (बोरिङ/इनारबाट सिंचाई कार्यक्रम | संख्या | १ | व्यावसायिक कृषक/ कृषक समुह / कृषि सहकारी/ उद्यमी | कम्तिमा ८५ प्रतिशत रकम वा बढीमा रु १५ लाख मात्र । | आवेदन फाराम नं ६ |

अच्युतराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - बोरिङ/इनार,मोटर,मोटर घर निर्माण आदि) बोरिङ सिंचाईमा विधुत मिटर जडान तथा विधुत महशुलमा अनुदान कार्यक्रम ८५ प्रतिशत अनुदान | | | | | |
| ७ | सामुहिक खेती गर्ने कृषकहरुको समुह / सहकारी तथा संस्थाहरुलाई ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम (जग्गा | संख्या | २ | कृषक समुह | कम्तिमा ५०प्रतिशत रकम वा बढीमा रु ३ लाख मात्र | आवेदन फाराम नं ७ |
| ८ | कुरिलो खेति प्रवर्दन कार्यक्रम ५० % अनुदान | हेक्टर | ०.२५ | कृषक/उद्यमी | कम्तिमा ५० प्रतिशत रकम वा बढीमा रु ३० हजार मात्र | आवेदन फाराम नं ८ |
| ९ | सोइजन (सित्तल चिनि) खेती प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदान | हेक्टर | ०.२५ | कृषक/ उद्यमी | कम्तिमा ५०प्रतिशत रकम वा बढीमा रु ५० हजार मात्र | आवेदन फाराम नं ९ |

संलग्न गर्नु पर्ने कागजातहरु

संम्बन्धित कार्यक्रमको प्रस्ताव आवेदन फाराममा उल्लेख भएका कागजातहरु ।

अच्युतराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

द्रष्टव्यः निवेदन र प्रस्ताव यस नगरपालिका कृषि विकास शाखाले तयार पारेको निर्दिष्ठ ढाँचामा पेश गर्नु पर्नेछ।निवेदन र कार्यक्रम माग सम्बन्धि प्रस्तावको ढाँचा यस नगरपालिकाको कृषि विकास शाखा वा संम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ ।

थप जानकारीका लागी सम्पर्कः
कालिका नगरपालिकाको कार्यालय
कृषि विकास शाखा, रेडक्रसमार्ग, चितवन
सम्पर्क नं ०५६ ४१३१४९, ९८५५०५३५६२ र ९८४५१४०८१६